# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

दर्ता नं. १००४/०६३/०६४, स्थायी लेखा नं.: ३०२७४४७३०
(कम्पनी ऐन २०६३ र बीमा ऐन २०४९ अन्तर्गत स्थापित)
प्रधान कार्यालय: टेकु, काठमाण्डौ

## दुर्घटनाबाट स्थायी पूर्ण अशक्तता भएमा "स्थायी पूर्ण अशक्तता लाभ" दिने बारेको पूरक करार

## सिटिजन जीवन सारथी योजना

बीमा प्रस्ताव फारममा उल्लेख भए अनुसारको पेशा वा सो भन्दा कम वा सो सरह जोखिमपूर्ण पेशामा बीमित कार्यरत भएमा वा बीमितको पेशा परिवर्तनलाई बीमकले स्वीकार गरी यस पूरक करारको सम्पुष्टिमा जनाएको र यस पूरक करार चालु रहेको अवस्थामा बीमा अवधि भित्र बीमितको उमेर ७० वर्ष पुरा हुनु भन्दा अगाडि यो पूरक करारनामा लागू भएको अवस्थामा दुर्घटनाबाट चोटपटक लागेर बीमित स्थायी पूर्ण अशक्त भएमा बीमालेख र यस पूरक करारको विशेष शर्त तथा सम्पुष्टि (Endorsement) को परिधी भित्र रही बीमितलाई यस पूरक करारमा उल्लेखित बीमाङ्क रकम प्रदान गरिनेछ । बीमालेखमा संलग्न गरिएको यो पूरक करार बीमालेखको अभिन्न अङ्ग मानिने छ र मूल बीमालेखमा यसको क्रम संख्या उल्लेख गरी बीमालेखको सम्पुष्टि खण्डमा जनाइएमा मात्र यो पूरक करारको कानूनी मान्यता हुनेछ ।

**दुर्घटना:** यस करारमा दुर्घटना भन्नाले प्रत्यक्ष रुपले बाहिरी, देखिने तथा जोडदार माध्यमबाट आकस्मिक रुपमा भएको घटना सम्झनुपर्छ ।

**स्थायी पूर्ण अशक्तता:** यस करारमा स्थायी पूर्ण अशक्तता भन्नाले बीमित दुर्घटनाको कारणले घाइते भई भविष्यमा कुनै आर्य आर्जन गर्ने काम वा पेशा गर्न असमर्थ भएको अवस्थालाई तथा देहाय बमोजिमको अवस्थालाई बुझाउनेछ ।

(क) दुवै आंखाको दृष्टि पूर्ण रुपले गुमेमा,
(ख) नाडी वा सो भन्दा माथि दुवै हात काटिएमा वा काम नलाग्ने भएमा,
(ग) गोलीगांठो वा सो भन्दा माथि दुवै गोडा काटिएमा वा काम नलाग्ने भएमा,
(घ) नाडी वा सो भन्दा माथि देखि एउटा हात र गोलीगांठो वा सो भन्दा माथि देखि एउटा गोडा काटिएमा वा काम नलाग्ने भएमा,
(ङ) एउटा आंखाको दृष्टि पूर्ण रुपले गुमेमा र नाडी वा सो भन्दा माथि देखि एउटा हात काटिएमा वा काम नलाग्ने भएमा,
(च) एउटा आंखाको दृष्टि पूर्ण रुपले गुमेमा र गोलीगांठो वा सो भन्दा माथि देखि एउटा गोडा काटिएमा वा काम नलाग्ने भएमा ।

भविष्यमा निको हुने नहुने यकिन गर्न नसकिने भएमा बीमित ३६५ दिन सम्म पूर्ण अशक्त रहेमा निज पूर्ण अशक्त भएको मानिने छ ।

**दुर्घटनाबाट स्थायी पूर्ण अशक्तता भएमा दिइने सुविधाहरु:** यस करारमा परिभाषित दुर्घटनाको कारणबाट बीमित स्थायी रुपले पूर्ण अशक्त भएको मिति पछि यस करारको बीमाङ्क रकम बराबर “स्थायी पूर्ण अशक्तता लाभ” वापत भुक्तानी दिइनेछ ।

## विशेष शर्तहरु

१. पूरक करार क्रियाशील हुने अवस्था:

यो पूरक करार बीमालेखको शर्तहरुको अधिनमा रहने छ तर बीमालेख व्यतित भई पुनर्जागरण नभएसम्म वा लाग्ने बीमाशुल्क भुक्तानी भई बीमालेख चालु नभएसम्म बीमालेखको पुनर्जागरणको शर्त अन्तर्गत यो पूरक करार लागू हुने छैन ।

२. स्वत: रद्द:

देहायको अवस्थामा यो पूरक करार स्वत: रद्द भई सो पछि यस बारे कुनै कारवाही हुने छैन :

(क) बीमालेख वा पूरक करार अन्तर्गत तिर्नुपर्ने बीमाशुल्क नतिरेमा,

(ख) बीमालेख चालु नरही चुक्ता बीमालेखमा बदलिएमा वा खारेज भएमा,

(ग) बीमालेखको वार्षिकोत्सवमा बीमितको उमेर ७० वर्ष पुगेमा ।

३. रद्द:

बीमित वा बीमकले लिखित सूचना जारी गरी बीमालेखको कुनै पनि बीमा वार्षिकोत्सव मितिमा पूरक करार रद्द गर्न सकिनेछ । यसरी रद्द गरिएको सूचना बीमकले लिखित रुपमा बीमितलाई दिनु पर्नेछ ।

४. बीमाशुल्क:

यो पूरक करार रद्द वा खारेज भएमा यसको लागि लाग्ने थप बीमाशुल्क तिर्नु पर्दैन । यो पूरक करार रद्द वा खारेजीको बेलासम्ममा यस पूरक करार वापत बीमकले भुक्तानी प्राप्त गरेको बीमाशुल्क मध्ये यो पूरक करार खारेज भएको मितिले बांकी अवधिको समानुपातिक बीमाशुल्कको साथै पूरक करार रद्द भएपछि प्राप्त हुन आएको पूरक करार अन्तर्गतको थप बीमाशुल्क बीमकले फिर्ता दिनेछ । यसपछिको कुनै बीमाशुल्क भुक्तानी भएमा यस्तो बीमाशुल्क फिर्ता गर्नु बाहेक बीमकको अरु कुनै दायित्व रहने छैन ।

५. सुरक्षण नहुने जोखिमहरु:

देहाय बमोजिमको अवस्थामा बीमितको प्रत्यक्ष वा अप्रत्यक्ष कारणले स्थायी पूर्ण अशक्त भएमा यो पूरक करार अर्न्तगत बीमकको कुनै दायित्व हुने छैन:

(क) मान्यता प्राप्त हवाई सेवा प्रदायकद्धारा संचालित हवाई सेवामा यात्रु भई उडान गर्दा बाहेक अन्य उडान गर्दा,

(ख) दौड, होडबाजी, बाजी वा हांकमा भाग लिंदा,

(ग) पागल भई वा नभई विष जन्य पेय पदार्थ वा मदिरा वा औषधी सेवनको प्रभावबाट वा अन्य कुनै पनि तरिकाले जानीबुझी आफैले घात गरेमा,

(घ) कुनै घोषित वा अघोषित युद्ध जस्ता कार्यहरु, हुलदङ्गा, नागरिक अशान्ति, विद्रोह वा आक्रमणमा सक्रिय संलग्न भएमा,

(ङ) ज्यान मार्ने कार्य, नागरिक वा जङ्गी ऐन भंग वा उल्लघंन गरेमा,

(च) बीमित कुनै पनि युद्धरत (घोषित वा अघोषित) मुलुकको स्थलसेना, जलसेना वा वायुसेनाको सदस्य भएमा,

(छ) बीमित कुनै पनि युद्धरत (घोषित वा अघोषित) मुलुकको स्थलसेना, जलसेना वा वायुसेनासंग काम गरिरहेको कुनै सहायक वा युद्धमा भाग लिने निजामती एकाईको सदस्य भएमा ।

(ज) बीमित व्यवसायिक वा अर्ध व्यवसायिक कुनै संगठित खेलकुद क्रियाकलापमा भाग लिदाको अवस्थामा वा प्रतिस्पर्धाहरु, दौडहरु, होडबाजी, बाजी वा हांक, द्वन्द, स्थल, वायु वा जल प्रतियोगिताहरु, पर्वतारोहण, POT Holding, Paragliding, Bungee Jumping, Parachuting वा Scuba Diving मा भाग लिंदाको अवस्थामा ।

६. पेशा परिवर्तन: यदि बीमितले प्रस्ताव फारममा उल्लेख गरेको पेशा परिवर्तन गरेमा वा प्रस्ताव फारममा उल्लेख गरेको भन्दा अन्य थप जोखिमपूर्ण उद्यम शुरु गरेमा सो कुराको जानकारी बीमकलाई अविलम्ब दिनुपर्नेछ र सो को आधारमा यस पूरक करार अन्तर्गत लाग्ने बीमाशुल्क पुन: निधार्रण गरिनेछ वा यो पूरक करार रद्द गरिनेछ ।

७. दावी सूचना: सामान्यतया दावी योग्य दुर्घटना भएको ९० दिन भित्रमा बीमकलाई लिखित सूचना दिनु पर्नेछ । यस अवधि भित्र सूचना दिन सम्भव नभएमा मनासिब कारण सहित सम्भव हुनासाथ लिखित सूचना बीमकलाई दिनुपर्नेछ ।